दोस्रो प्रस्तावलाई सांसदहरूले फेरि विफल पारिदिएका छन् । प्रधानमन्त्री जोनसनले ब्रेक्जिटको वर्तमान गतिरोध अन्त्यका लागि मध्यावधि निर्वाचन नै एक मात्र विकल्प रहेको भन्दै संसद्मा मतदानका लागि प्रस्ताव गरेका थिए ।

सरकारले प्रस्तुत गरेको प्रस्तावको पक्षमा २९३ जना

४०० सांसदले पक्षमा मतदान गर्नु आवश्यक पर्छ । संसद् निलम्बन गर्नुअघि संसद्मा भएको बहसमा विनाकुनै सहमति युरोपेली संघबाट बाहिरिने बेलायतको योजनालाई रोक्ने कानुनी प्रावधानलाई सरकारले कार्यान्वयनमा ल्याउनुपर्ने माग विपक्षी दलका सांसदले गरेका थिए ।


# पाँचखाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### पाँचखाल, काभ्रेपलान्चोक
### ३ नं. प्रदेश, नेपाल

## फोहोरमैला व्यवस्थापन सम्बन्धि प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७६/०५/२५**

यस पाँचखाल नगरपालिकाको मुख्य-मुख्य बजार क्षेत्र भित्र उत्सर्जन हुने सबै प्रकारको फोहोरमैला संकलन र व्यवस्थापन गर्नका लागि नगरपालिकासँग सहकार्य गर्न चाहने व्यक्ति, संघ-संस्था, कम्पनी, समूहहरुबाट प्रस्ताव आव्हान गरिएको छ । उक्त कार्य गर्न चाहने संघ-संस्था, कम्पनी, समूहहरुले पाँचखाल नगरपालिका क्षेत्रको "फोहोरमैला संकलन र व्यवस्थापन" शिर्षकमा आफ्नो प्रस्तावना (आर्थिक र प्राविधिक) तयार गरी यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र नगरपालिकाको कार्यालयमा पेश गर्नुहुन जानकारी गराइन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**


नयाँदिल्ली, २४ भदौ

भारतको दक्षिणी राज्य आन्द्र प्रदेशकी एक वृद्धाले जुम्ल्याहा सन्तान जन्माएकी छिन् । ७३ वर्षीया मंगयामा यारमतीले जुम्ल्याहा छोरी जन्माएकी हुन् । आइभिएफ उपच प्रणालीद्वारा गर्भधारण गरेकी उनको शल्यक्रियामार्फत बच्चा जन्माइएको थियो । 'अहिले महिल र शिशु दुवैको अवस्था सामान्य छ,' वृद्धाको शल्यक्रियामा संलग्न डा. उमा शंकरले भनिन् ।

मंगयामाबाट उनका श्रीमान् सीताराम राजारायोले सधैं सन्तानको आशा गरेका थिए । तर लामो प्रयासपछि गत वर्ष मंगयाम गर्भवती बन्न सफल भएकी थिइन्

'आमाबाबु बन्न पाएकोमा हा औधी खुसी छौं,' अस्पतालमा शिश जन्मिएपछि ८२ वर्षीय सीतारामले भने । तर, शिशु जन्मिएको एक दिनपछि सीतारामलाई स्ट्रोक भएक छ र उनको एक अस्पतालमा उपच भइरहेको छ ।

वृद्ध अवस्थामा बाबु बन्दा एकातिर उनको खुसीको सीमा छैन, अर्कोतर्फ डाँडापारिको घामको